श्री संघीय संसद
प्रतिनिधि सभा
महाभियोग सिफारिस समिति
संसद भवन, सिंहदरवार, काठमाडौं ।

विषय :- कागजात विवरण तथा जानकारी उपलव्ध गराइएको सम्वन्धमा ।

महोदय,

उपरोक्त सम्बन्धमा तहाँ महाभियोग सिफारिस समितिको मिति २०७९/०५/०९ प.सं. ०७९/८०, च.नं. २२ को पत्र प्राप्त भई व्यहोरा अवगत भयो । तत् सम्बन्धमा प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. उपरको नेपालको संविधानको धारा १०१ वमोजिम महाभियोग प्रस्तावलाई पुष्टि गर्ने महाभियोग आरोपसँग सम्वन्धित कागजात, विवरण, जानकारी लगायतका प्रमाणहरु यसै निवेदनसँग संलग्न गरी पठाईएको व्यहोरा अनुरोध छ ।

महाभियोग आरोप पुष्टि गर्ने प्रमाण कागजातहरुः

१ नेपाल बार एशोसिएशनद्वारा जारी प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.को वहिर्गमन किन भन्ने जानकारी मूलक पाना ५ को सामाग्री ।

२ प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. समेतको संलग्नता रहेको खुल्ने ई. इच्छाराज तामाङको मुद्दामा अधिवक्ता रुद्र प्रसाद पोखेलद्वारा गरिएको घुस प्रकरणसँग सम्बन्धित सम्वादको अडियो ।

३ सर्वोच्च अदालतको भवन निर्माण सम्बन्धमा आर्थिक अनियमितता भएको सन्दर्भमा छानविन भइरहेको अवस्था रहेको हुँदा सो तर्फ समेत ध्यानाकर्षण गराइन्छ । उक्त भवन निर्माण सम्बन्धमा नेपाल सरकार प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालय र सर्वोच्च अदालतबाट भए गरेका निर्णयहरु सोही समिति मार्फत बुझी छानविनको लागि अनुरोध गरिन्छ । भवन निर्माणका लागि गठन भएको समितिमा रहेका मा.न्या. हरिकृष्ण कार्की र मा.न्या. सपना प्रधान मल्ललाई हटाई आफैले समानान्तर जे.भि.लाई ठेक्का दिने सम्बन्धमा निर्णय गरे, गराएको सम्बन्धमा भए गरेका टिप्पणी तथा पत्राचारहरु सर्वोच्च अदालत प्रशासनबाट बुझिपाउँ ।

४ रञ्जन प्रसाद कोईराला पुनरावेदक प्रतिवादी र हरेराम ढकालको जाहेरीले नेपाल सरकार प्रत्यर्थी वादी भएको कर्तव्य ज्यान (मुद्दा नं. ०७२-CR-१९३७) मुद्दाको पाना २८ को फैसलाको प्रतिलिपि । उक्त फैसलामा पुनरावलोकनको निस्सा प्रदान भै रञ्जन प्रसाद कोईराला हाल कारागारमा रहेको अवस्था छ ।

आएको हुँदा सोको कल डिटेल तथा भिडियो समेत ताहाँ समितिबाटै बुझी प्रमाण गराई पाऊँ ।

१७ निज प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा.ले आफू पदमा रहँदा पदको दुरुपयोग गरी आफै विकृति विसंगतीको संरक्षक भई आफ्ना आफन्त, नातागोता, बिचौलिया, साथिभाई परिचालित गरी आर्थिक अनियमितता गरेको । विचौलियाको रुपमा घ्यू साहुको नामले चर्चित ललितपुरका व्यापारी, दीपक तिमल्सीना, अमित श्रेष्ठ समेतको संलग्नतामा भ्रष्टाचारजन्य काम गरे गराएको हुनाले निज दीपक तिमल्सीना, अमित श्रेष्ठ र घ्यू साहु समेतको सम्पत्ति छानवीन गरी पाउँ । निज प्रधानन्यायाधीशले अदालतमा गैर कानूनी रुपमा आर्जन गरेको कालो धन आफ्ना सम्धी तीलक रावल, सम्धी रामशरण थापा, ज्वाई विनय रावल, भिनाजु केशब उप्रेती, दिदी, भाई प्रभु शमशेर ज.ब.रा. लगायतको नाममा राख्ने गरेको खुल्न आएको हुँदा सो सम्बन्धमा ताहाँ समितिबाटै निजहरुको खाता तथा सम्पत्ति विवरण झिकाई बुझी प्रमाणमा लगाई पाऊँ ।

१८ न्यायपालिकाभित्रको विसंगति विकृति र भ्रष्टाचार रोक्ने उपायका सम्बन्धमा सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री हरिकृष्ण कार्कीको संयोजकत्वमा माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत तथा नेपाल बार र सर्वोच्च अदालत बार लगायतका सरोकारवाला निकायका प्रतिनिधि सदस्य रहेको समितिबाट पेश भएको प्रतिवेदनबाट पनि प्रधान्यायाधीशको अनियमितितामा संलग्नता पुष्टि हुन्छ । उक्त प्रतिवेदन कार्यान्वयन गर्ने वारेमा प्रविबद्धता जनाउने र पछि आफ्नो अनियमिततालाई निरन्तरता दिन असहज हुने भएकोले उक्त प्रतिवेदन कार्यान्वयन नगर्ने भनी उच्च अदालतका माननीय मुख्य न्यायाधीशको तालिममा प्रतिवेदन विरुद्ध निर्देशन दिएर प्रतिवेदन कार्यान्वयन गर्न ईन्कार गरेकोबाट निजको दुराशय स्पष्ट हुन्छ ।

१९ प्रधान न्यायाधीशको चरम अनियमितता र आफुलाई प्राप्त अधिकारको दुरुपयोग गरी आफुलाई आर्थिक लाभ हुने किसिमले सेटिङ बमोजिम अनुकुलका न्यायाधीशको इजलास गठन गरी पेशी तोक्ने कार्य गरेकोले बाध्य भै सर्वोच्च अदालतका न्यायाधीश आन्दोलनमा लाग्नु परेको तीतो यथार्थ छ । निजको निर्देशनमा तल्ला अदालतमा पनि सेटिङ हुने भएकाले सोही भ्रष्टाचार र अनियमिततालाई रोक्न र विसंगति विकृतिको रोकथामका लागि अदालतहरुमा अटोमेटिक कजलिष्ट सिष्टम लागू गर्ने गरी अस्थायी रुपमा गोला प्रथा लागू भएको हो । यसले अहिले पनि निरन्तरता पाईरहेको ।

२० संविधानको धारा १३६ अनुसारको जिम्मेवारी पूरा नगरी विसंगति, विकृति, भ्रष्टाचारको विरुद्धमा चोलेन्द्र शम्शेर ज.ब.रा.को राजिनामा माग गर्दै नेबाएले १०९ दिन सम्मको शान्तिपूर्ण धर्ना कार्यक्रम गरेको, सर्वोच्च अदालतका सम्पूर्ण न्यायाधीशहरु निजको नेतृत्वमा ईजलास बस्न ईन्कार गर्नु भएको, पूर्व प्रधान न्यायाधीश एवं पूर्व न्यायाधीशहरुको विरोध विज्ञप्ती जारी भएको छ । यस सम्बन्धमा पूर्व न्यायाधीश फोरम समेतलाई बुझिपाउन अनुरोध छ ।

२१ काठमाडौं जिल्ला अदालतका माननीय न्यायाधीश श्री बद्रीप्रसाद ओलीलाई रामेछाप जिल्ला अदालतमा बीचाराधीन रहेका ज.क., ठगी मुद्दा समेतमा प्रधान न्यायाधीश चोलेन्द्र शमशेर जबराको निर्देशन बमोजिम फैसला गर्न रामेछाप जिल्ला अदालतमा काज सरुवा गरी सो मुद्दा फैसला गर्ने वित्तिकै पुनः काज फिर्ता गरिएको हुँदा निज न्यायाधीश र चोलेन्द्र शम्शेर ज.ब.रा. बीचको टेलिफोन सम्बादको विवरण झिकाई बुझी पाउँ ।

२२ आईप्लेक्स महल, देवकोटा मार्ग, Irish Laung, फोन नं. ०१४४९०५४९ बानेश्वरमा निजको भाई प्रभु शम्शेर ज.ब.रा.ले भाडामा कोठा लिई मुद्दाका पक्षसँग बिचौलिया सौदाबाजी गरी बस्ने र बेला बेलामा प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. स्वयं उपस्थित भई सौदाबाजीमा संलग्न भएको । सो कुरालाई पुष्टि गर्नका लागि निज प्रधान न्यायाधीशका भाई प्रभु शम्शेर ज.ब.रा.को टेलिफोनको कल तथा म्यासेज डिटेल तथा उल्लिखित स्थान वरिपरिका सीसीटिभि फुटेज समेत हेरी प्रमाण बुझी पाऊँ ।

२३ प्रधान न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा.ले मुद्दाका पक्षहरुसँग बिचौलिया तथा सौदाबाजी गरी काठमाडौंको ठमेलमा श्रीमती रेजी राणाको नाममा २ रोपनी जग्गा खरिद गरेको (उक्त जग्गा विक्री भैसकेको) हुनाले के कुन आर्थिक स्रोतबाट उक्त जग्गा खरिद गरिएको हो भन्ने कुराको यथार्थ छानवीन भएमा भ्रष्टाचार र अनियमितता पुष्टि हुने भएकाले सो सम्बन्धमा आवश्यक प्रभाण बुझि पाऊँ ।

२४ तत्कालिन राष्ट्र बैंकका गर्भनर विजयनाथ भट्टराई वि. नेपाल सरकार मुद्दा थान २१ मा अनियमितता भएकाले उक्त मुद्दाको सम्बन्धमा बुझी पाऊँ ।

२५ नेबाए मानव अधिकार समितिको घोषणा पत्रमा प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराबाट अनियमितता भएको र निजको इमान र योग्यतामा समेत प्रश्न उठेको छ । उक्त घोष्णा पत्रलाई समेत प्रमाणमा लगाई पाउँ ।

२६ फागुन १५-१७ सम्म काठमाडौंमा सम्पन्न भएको नेबाएको राष्ट्रिय सम्मेलनको घोषणा पत्रलाई पनि प्रस्तुत सन्दर्भमा प्रमाणमा लगाई पाउँ ।

व्यवस्थाको विपरित चोलेन्द्र शमशेर जबरा प्रधानन्यायाधीश भएको बेला रिट दर्ता गर्न लगाई उक्त मुद्दामा कानुन विपरितको कार्य गरे गराएको ।

१० प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.को अगुवाइ र नेतृत्वमा अन्य बेञ्चहरुलाई बेञ्च सपिङ गरी चरम आर्थिक अनियमितता गराएकोले त्यस्तो अनियमितता रोक्न न्यायालयबाटै बाध्य भई गोला प्रथा लागू गरिएको ।

११ उच्च अदालतहरुको न्यायाधीश नियुक्ति गर्दा संविधान र कानूनले निर्दिष्ट गरेको योग्यता नै नपुगेका, कानून र न्याय क्षेत्र बाहेकका अन्य क्षेत्रमा संलग्न रहेका, कोर्ट प्राक्टिसमा नरहेका कानून व्यवसायीलाई मोलाहिजा र आर्थिक अनियमिततामा परी न्यायाधीश नियुक्त गरेको । ती मध्ये केहि माननीय न्यायाधीशलाई न्याय परिषद्बाट कारवाही गरी वर्खास्त गरिएको र केहि अनुसन्धानको दायरामा रहेको बुझिएको हुँदा न्याय परिषद्बाट सो सम्बन्धमा सत्य तथ्य बुझि प्रमाणमा लगाई पाउन अनुरोध गरिन्छ ।

१२ उच्च अदालतका न्यायाधीशहरुको सरुवा, वढुवा गर्ने सम्बन्धमा न्याय परिषद् ऐन तथा नियमावलीमा तोकिएको प्रावधान र प्रक्रियाको अनुसरण नगरी मोलाहिजा र आर्थिक प्रलोभनमा परी एकल रुपमा सरुवा वढुवा गर्ने कार्य गरेको ।

१३ प्रशासकीय अदालतका हालका रजिष्टार तथा उच्च अदालत पाटनका तत्कालिन रजिष्ट्रार गजेन्द्र सिंहलाई उच्च अदालत पाटनको भवनको साजसज्जा विलमा आफू अनुकुल कार्य गरी आर्थिक लाभ नदिएको भन्दै विवाद सृजना गरी रजिष्ट्रार गजेन्द्र सिंहलाई वीरगञ्ज सरुवा गरी आफ्नो अनुकुलको काम गर्ने व्यक्तिलाई सरुवा गरी ल्याएको ।

१४ सिद्धबाबाको नामले चर्चित कृष्ण बहादुर गिरीको मुद्दामा आफूले आर्थिक अनियमितता गरी माननीय न्यायाधीश अर्जुन कोईरालालाई आफूले भने वमोजिम फैसला गर्न दवाव दिएको । पछि आफुले भने बमोजिम फैसला गरेकोले पुरुस्कार स्वरुप उच्च अदालतको न्यायाधीशमा नियुक्त गरेर अनियमिता गरेको ।

१५ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रंगेहात पकाउ (स्टीङ अपरेसन) परेका व्यक्तिहरुको मुद्दामा आर्थिक अनियमितता गरी आफ्नो आदेश पालना गर्ने इजलासमा कजजिष्ट तोकी फैसला गराइएको ।

१६ नेपाल बार एशोसिएशनका निर्वतमान कोषाध्यक्ष रुद्रप्रसाद पोखेलसँग आर्थिक अनियमितता गर्ने उद्देश्यले विभिन्न मुद्दामा बारम्वार ७६ पटक सम्म फोन सम्बाद गरिएको भन्ने तथ्य रुद्रप्रसाद पोखरेलबाट सार्वजनिक जानकारीमा

५ प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा.को संलग्नतामा भएका संबैधानिक नियुक्ति उपरको संबैधानिक इजलासमा विचाराधीन विषयमा सुनुवाई रोक्ने चोलेन्द्र शमशेरको सल्लाह र सक्रियतामा दायर गरिएको निवेदक अधिवक्ता डा. गणेश रेग्मी विरुद्ध सर्वोच्च अदालत रामशाह पथ काठमाण्डौं समेत भएको उत्प्रेषण परमादेश समेत मुद्दामा भएको अन्तरिम आदेशको प्रतिलिपी र उक्त रिट निवेदनमा (मुद्दा नं. ०७८-WC-००३५) संबैधानिक इजलासको फैसलाको प्रतिलिपि ।

६ प्रधान न्यायाधीश चोलेन्द्र शमशेर ज.ब.रा.ले आर्थिक अनियमितता गरी कृष्ण मान सिंह पुनरावेदक वादी र हंसमान सिंहको मुद्दा सकार गर्ने प्रकाशमान सिंह समेत प्रत्यर्थी प्रतिवादी भएको हक कायम दर्ता नामसारी समेत मुद्दामा हुँदै नभएको तथ्य खुलाई बहुमतबाट गरेको (मुद्दा नं. ०६९-NF-०००३) को फैसला र प्रति उत्तर पत्रको प्रतिलिपि । उक्त मुद्दाको सम्बन्धमा यथार्थ जानकारी सम्बन्धित मुद्दाका पक्ष विपक्षहरु र कानून व्यवसायीहरुबाट बुझी सो फैसलामा बहस र नि.सु. समयका उक्त मुद्दाका पक्षहरु तथा चोलेन्द्र शम्शेर राणा र निजका भाई प्रभु शम्शेर ज.ब.रा.का बीच भएको फोनका कल डिटेल बुझी पाउँ ।

७ Vanrise Solution S.A.L. (Offshore) को तर्फबाट अ.प्रा. अधिवक्ता कैलास पाण्डे निवेदक र नेपाल दूरसञ्चार प्राधिकरण, कमलादी, काठमाडौं विपक्षी भएको उत्प्रेषण, परमादेश समेत (मुद्दा नं. ०७५-WO-१२३५) मुद्दामा भएको फैसलाको प्रतिलिपि ।

८ सर्वोच्च अदालतका माननीय न्यायाधीश डा. मनोज कुमार शर्मा र उच्च अदालत जुम्लाका माननीय न्यायाधीश नवराज थपलिया विच प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा. बाट मुद्दामा फैसला गराउने सम्बन्धमा पटक-पटक भए गरिएका सम्वाद मार्फत अनियमितता गरिएको भन्दै सर्वोच्च अदालतका माननीय न्यायाधीश श्री तीलप्रसाद श्रेष्ठद्वारा छानविन भइरहेकोले ती सम्पूर्ण कल डिटेल र सम्वादमा संलग्न माननीय न्यायाधीशहरुलाई बुझि प्रमाणमा लगाई पाउन अनुरोध गरिन्छ ।

९ सेवाग्राही प्रेरणा राणाको मुद्दामा चोलेन्द्र शमशेर राणा समेतको सहयोग र सक्रियतामा तत्कालिन प्रधानन्यायाधीश राम कुमार प्रसाद शाहको कार्यकालमा मिलेमतोमा प्रेरणा राणालाई जिताउने गरी भएको फैसला (पछि सुशिला कार्की प्रधान न्यायाधीश भएको वेला पुनरावलोकनको माध्यमबाट उल्टी भएको) भएको । एकपटक पुनरावलोकन भएको मुद्दा पुनः अघि नबढ्ने कानुनी

२७ मुद्दा नं. ०७६-WH-०३७३ को बन्दी प्रत्यक्षीकरणको मुद्दा तथा राजश्व चुहावट सम्बन्धी मुद्दामा भारतीय नागरिकहरुसँग समेतको संलग्नतामा सेटिङ गरेको देखिने भएकोले सो सम्बन्धमा सम्बन्धित सरोकारवालासँग यथार्थ बुझि पाउँ ।

२८ लक्ष्मी बहादुर श्रेष्ठ समेत विरुद्ध ग्रिनहिल सिटी हाउजिङका सञ्चालक भेषराज लोहनीको रीट निवेदनमा सेटिङ बमोजिम गर्न सिंगल बेञ्चमा आफैले पटक पटक राखी सुनुवाई गर्दै हेर्दा हेर्दैमा राखी अनिर्णित गराएको ।

२९ सुधिर बस्नेत समेत विरुद्ध एनआईसी एशिया बैंकको मुद्दामा बदनियत चिताई पटक-पटक अनावश्यक रुची राखी आफैले फैसला गर्न खोजेको ।

३० पदीय मर्यादाको ख्याल नगरी आफु न्यायपालिका प्रमुख भएर बिना औचित्य मध्यरातमा कार्यपालिका प्रमुख निवासमा पटक पटक भेटघाट (पर्खाल नाघेर), सम्पर्क बढाई असैवैधानिक तथा अनुचित कार्य गरी शक्ति पृथकीकरणको सिद्धान्तलाई धुमिल पारेको ।

३१ श्री संघीय संसद, प्रतिनिधि सभा, महाभियोग सिफारिस समितिबाट निज प्रधान न्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.को बयान लिने क्रममा सो विषयसँग प्रत्यक्ष सरोकार राख्ने यस एशोसिएशनका तत्कालिन पदाधिकारी र न्यायपालिकाको विकृति, विसंगति विरुद्ध आन्दोलनरत यस एशोसिएशनको तर्फबाट प्रतिनिधि कानून व्यवसायीहरु समेतलाई सहभागी गराई बयान लिने कार्य गर्ने, गराउन समेत अनुरोध गरिन्छ ।

३२ क्यासिनोको मुद्दामा राज्यलाई राजस्व नतिरी क्यासिनो व्यवसायलाई निरन्तरता दिन सघाउ पुराउने उद्देश्यले क्यासीनो संचालकबाट मोटो रकम लिई राज्यलाई नोक्सानी पुराएको सम्बन्धमा यथार्थ विवरण छानबीन गरी पाउँ ।

३३ नागरिक आन्दोलनको तर्फबाट प्रा.डा. गोविन्द के.सी.ज्यूबाट सम्पत्ति सुद्धिकरण अनुसन्धान विभाग, पुल्चोकमा अनुसन्धानका लागि ध्यानाकर्षण शिर्षकमा दिएको निवेदनको प्रतिलिपि यसै साथ संलग्न छ, बुझि पाऊँ ।

३४ यसैगरी विनोद शंकरको मुद्दा, भाटभटेनीको मुद्दा र एनसेलको मुद्दामा समेत प्रधानन्यायाधीशबाट अबाञ्छित कृयाकलाप भएको सम्बन्धमा छापामा पर्याप्त समाचार आएकाले उक्त सम्बन्धमा मिडिया र अन्य निकायबाट जानकारी लिई सो सम्बन्धमा आवश्यक छानवीन गरी महाभियोगको प्रस्ताव पारित गरीपाउँ ।

३५ समाचारका लिंकहरु :-

https://www.nayapatrikadaily.com/news-details/80521/2022-02-14?fbclid=IwAR2-YHwg8WLw0brnQZ5xA0cvy7zEj1KliNuhNz5MIW0g_D4GWrjvFPeS51Q

https://www.nayapatrikadaily.com/news-details/80098/2022-02-07?fbclid=IwAR0ZUbiQ1uNMpgK15twPkXmbLhSnrucQxai0MfxJ2Fuu88l9BvuQxW5Z0ZY

https://www.nayapatrikadaily.com/news-details/79692/2022-02-01?fbclid=IwAR0qZrkq3HcyTQOsLhEjAhrU0vSi3bo9so0tG-oXd_CPB89k3g6rxW8Ov8A